# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी,झापा
कोशी प्रदेश, नेपाल

☎०२३४०११५
Gmail : kanakai.mun@gmail.com
Website: www.kankaimun.gov.np


पत्र संख्या : २०८०/०८१
चलानी नं. :

**कनकाई नगरपालिकामा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

सूचना नं KANAKAI/PROP/२०८०-०८१-१

मितिः-२०८०/०४/३२

यस नगरपालिकाको साझेदारीमा कृषि तथा पशुपालन कार्यक्रम संञ्चालन गर्ने वनेको कनकाई नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अधीनमा रही बहु वर्ष कार्यक्रम संचालनका लागि गैर सरकारी संस्थासंग लागत सहभागिता साझेदारीमा गर्नुपर्ने भएकाले, स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगर कार्यपालिकाबाट स्विकृत कार्यविधिमा तोकेका शर्त बमोजिम कार्य गर्न ईच्छुक गैर सरकारी संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचामा प्रस्ताब आह्वान गरिएको छ ।

**प्रस्ताव पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछ ।**

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।
- स्वावलम्बन समूह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धी काम गरेको ।
- सामुदायिक विकास, जीविकोपार्जन, महिला सशक्तीकरणको क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मुख्य श्रृंखलाको क्षेत्रमा अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु बस्तु उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रवर्द्धनमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धी काम गरेको ।
- कृषि र पशु विकास सम्बन्धित सम्भाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी काम गरेको अनुभव भएको । लागत साझेदारी र प्राथमिकता कार्यक्रम संचालन गर्ने ईच्छुक संस्थाले परियोजनासंग सम्बन्धित संचालन खर्च जस्तैः कर्मचारी तलब, भत्ता, सुविधा, कार्यालय संचालन र व्यवस्थापन आदि आफैले व्यवस्थापन गर्नुपर्नेछ । संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्न ईच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदि बारे जानकारी नगरपालिकाबाट प्राप्त गर्न सक्नेछन् ।

# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जामुनबारी,झापा
कोशी प्रदेश, नेपाल

☎०२३४०११५
Gmail : kanakai.mun@gmail.com
Website: www.kankaimun.gov.np


पत्र संख्या : २०८०/०८१
चलानी नं. :

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु**

- आधिकारीक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।
- आ.व. २०७८/०७९को लेखा परिक्षण प्रतिवेदन सहित २ वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि १/१ प्रति
- स्थायी लेखा नम्बर र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि १/१ प्रति वा करचुक्ता प्रमाणपत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाणपत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन १ प्रति ।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना कनकाई नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलबन्दी गरिएको १/१ प्रति । परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेबसाईट www.kankaimun.gov.np बाट डाउनलोड गरी वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
- संयुक्त उपक्रममा प्रस्तावनापत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
- प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति ।

हरिप्रसाद मिश्र
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)